हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०२ अंक : १७ पृष्ठ : ४ २०७८ भदौ १९ गते शनिबार (Saturday 04 Sep. 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# बिमा भयो, हातमा कागजात छैन्

**लहान ।** लहान नगरपालिका १४ वस्तीपुर गाउँकी लिला रामले आफ्नी छोरी शिवानीको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत छोरी बिमा गराईन् । वर्ष दिन बित्न लाग्दा पनि उनी कुनै बिमा सम्बन्धी कुनै कागजात पाएको छैन् । उनी छोरीको नाममा अभियानले तोकेको बैंकमा खाता खोलाएकी छिन् । त्यही चेकबुक उसको हातमा छ । पटक पटक उनी बैंकमा गएर बिमाको प्रियमम जम्मा भएको हेर्न जान्छिन् । तर, बैंक कुनै प्रियमम जम्मा नभएको जवाफ दिन्छ । उनी घर फर्किन्छ । सोही गाउँकी सुगावती सदायले पनि आफ्नी छोरी सरस्वतीको बिमा गराईन् । उनको हालत लिला जस्तै छ । उनीहरूको बिमा त भएको छ । तर, प्रियमम जम्मा भइरहेको छैन् । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ'अभियान अन्तर्गत छोरी बिमा गराउने गरेको थियो । अहिले कार्यक्रम पनि स्थगित भएको छ ।

'बिमा हुने र छोरीको उमेर २० वर्ष पुगेपछि तीन लाख पाउने खुशीले खाता खोलाए,' उनले भनिन,'अर्को वडा १२ मा विद्यालयमा गएर बिमा गराए । मोबाइल पैसा जम्मा भएको एस एम एस आउँछ भन्थ्यो । तर, अहिले सम्म बिमा के भयो त्यो जानकारी पनि आएको छैन् ।




लिला र सुगावति जस्तै सिरहाका ३९ सय भन्दा बढी अभिभावकले यस अभियान अन्तर्गत बिमा गराएका छन् । उनीहरूको बिमा भयो किनाई भनेर अतो पतो छैन् । 'बिमा गराएको विवरण मुख्यमन्त्री कार्यालयमा पठाएका छौं,'लहान नगरपालिकाका सुचना अधिकारी संजय साहले भने,'कागजात सबै नगरपालिकामै छ ।' मुख्यमन्त्री कार्यालयमा पुग्दा साइकल वितरणमा बढी चासो देखिएको तर, बिमा कार्यक्रमको बारेमा कुनै सोधखोज नभएको उनले सुनाए । अभियान खटिएका कार्यालयको कर्मचारीहरूले कागजात लग्ने विषयमा आजभोली गर्दै आइरहेको उनले बताए । बिमा भएर प्रियमम जम्मा भएको छोरीको अभिभावक मोबाइलमा एस एम एस आउने यस अभियानका सिरहा संयोजक टिकाराम विश्वकर्माले जानकारी गराए । 'बिमा भएपछि फिक्स डिपोजिट कार्ड पनि पाउँछ । प्रियमम जम्मा हुँदा एस एम एस आउँछ,'उनले भने,'सिरहामा बिमा गराएकोहरूको प्रक्रियामा छ । आफुले पनि पटक पटक मुख्यमन्त्री कार्यालयमा ताकेदा गर्दै आइरहेको छौं ।' सर्तहरू पालना गरेपछि बिमा गराएका छोरीहरूले तीन लाख पाउने उनले सुनाए । सर्तमा २० वर्ष सम्म बिहे नगरेको हुनुपर्ने, उच्च शिक्षा पढेको हुनुपर्ने लगायत रहेको उनले जानकारी गराए ।

# विद्युत बक्यौता तिर्न आनाकानी गर्दै मारुती सिमेन्ट

**लहान ।** सिरहाको मारूती सिमेन्ट उद्योग माथि रहेको बक्यौता रकम तिर्नु नपर्ने दाबीगर्दै उद्योगले उल्टै विद्युत प्राधिकरण माथि अदालतमा मुद्दा दायर गरेको छ । उद्योगले सुरूमा उच्च अदालत जनकपुर राजविराज इजलाशमा मुद्दा दर्ता गराएका थिए । त्यहाँ हारेपछि फेरि जिल्ला अदालत सिरहामा दर्ता गराएको छ ।

उद्योगले डेडिकेटेड तथा टूकं लाइन प्रयोग गरे वापतको छुट बील रकम दस्तुर र जरिवाना सहित ९९ करोड तिर्नुपर्ने देखिएको विद्युत प्राधिकरण वितरण केन्द्र

———बाँकी ३ पेजमा

# ब्राउन सुगर सहित एक पक्राउ



**सिरहा ।** सिरहाको सीमावर्ती माडरबाट लागुऔषध ब्राउन सुगर सहित सिरहा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक डीएसपी सुवास बुढाथोकीका अनुसार नियन्त्रणमा पर्ने सिरहाको मिर्चैया नगरपालिका ५ घर भएका २६ वर्षीय मोहम्मद नियाज शेख रहेको उनले जनकारी दिए ।

प्रबक्ता बुढाथोकीका अनुसार पक्राउ परेका शेखको साथबाट तर्फबाट १०.५ ग्राम (साढे दश ग्राम) ब्राउन सुगर बरामद भएको हो । पक्राउ परेका शेख छिमेकी भारत बिहारको मधुवनी जिल्लाको सीमावर्ती बाजार जयनगरबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित शुक्रबार नेपाल प्रवेश गर्ने क्रममा सिरहा नगरपालिका १७ स्थित सीमावर्ती माडर बाजारको काली चौकबाट इलाका प्रहरी कार्यालय माडरका इन्चार्ज विश्वबाबु बुढाथोकीको कामण्डमा खटीएको टोलीले शेखलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिरहा मार्फत थप अनुसन्धन भईरहेको प्रवक्ता बुढाथोकीले जनकारी दिए ।




# ४१ जिल्लामा भयो कांग्रेसको वडा अधिवेशन



**ने**पाली कांग्रेसको १४ औं महाधिवेशनका लागि पहिलो दिन ४१ जिल्लामा वडा अधिवेशन भएको छ । नेपाली काग्रेसको केन्द्रीय निर्वाचन समितिकाअनुसार महाधिवेशन भएका ४१ जिल्लाका कति वडामा सर्वसम्मत भयो र कति वडामा चुनावी प्रक्रियाबाट प्रतिनिधि चुनीय भन्ने विवरण भने भोलिमात्र आउने छ ।

'आज ४१ जिल्लामा अधिवेशन प्रारम्भ भएको छ । झापा र मुस्ताङले १९ गते अधिवेशन गराउन अनुमति लिएका छन्,' केन्द्रीय निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले भने, 'बाँकी जिल्लाले आगामी २३

———बाँकी ३ पेजमा

# स्थानीय तहभन्दा पहिला प्रतिनिधि सभा चुनावको बहसः के मुलुक 'अर्ली इलेक्सन'मा जाँदैछ ?

**सा**मान्य कार्यतालिका अनुसार यही वर्षको अन्त्यसम्म अर्थात् २०७८ को फागुन(चैतमा स्थानीय तहको र आगामी वर्षको मंसिरमा प्रतिनिधि सभाको चुनाव गर्नुपर्ने संवैधानिक बाध्यता छ । तर, मुलुकमा बढ्दै गएको राजनीतिक घटनाक्रमले आगामी वर्षको मंसिरभन्दा अगावै मुलुकमा प्रतिनिधि सभाको निर्वाचन हुनसक्ने चर्चा राजनीतिक वृत्तमा चल्न थालेको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र सभामुख अग्नि सापकोटाबीचको द्वन्द्वले संसद् सही ढंगले चल्न नसक्ने तथा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकार पनि लामो समय चल्न नसक्ने भएकाले मुलुक फेरि समयावधिभन्दा पहिल्यै चुनाव (अर्ली इलेक्सन)मा जानसक्ने विश्वस्त राजनीतिक स्रोतहरूको दाबी छ ।

माधव नेपाललगायत १४ सांसदमाथि गरिएको कारवाही सदर नगरेको भन्दै सभामुख सापकोटासँग एमाले क्रुद्ध छ । सहज ढंगले संसद् चल्न दिने पक्षमा एमाले देखिँदैन । १४ सांसदमाथि कारवाही नगर्ने सभामुखको निर्णयविरूद्ध एमालेले सर्वोच्च अदालतमा रिट दायर गरिसकेको छ भने सदनमा समेत संघर्ष गर्ने बताएको छ ।

तत्कालीन नेकपाभित्र बनेको 'भैँसेपाटी गठबन्धन'का कारण सापकोटा सभामुख बनेका थिए । सभामुखको कार्यशैली र भूमिकाप्रति प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक रूपमै टीकाटिप्पणी गर्दै आएका छन् । पहिलो प्रतिनिधि सभा विघटनका बेला अविश्वासको प्रस्ताव दर्ताको समयलाई लिएर ओलीले सभामुखमाथि 'कीर्ते' गरेको आरोप लगाएका थिए ।

रुपमा सभामुख र एमालेको विवाद देखिएपनि सारमा यो माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष ओलीबीच इगोको लडाईं हो भन्दा फरक पर्दैन । ओलीले बेलाबखत सभामुख सापकोटा प्रचण्डको कार्यकर्ताबाट माथि उठ्न नसकेको आरोप लगाउने गरेका छन् । एमाले र माओवादी दुवैले संवैधानिक निकायका प्रमुखलाई आफूअनुकूल प्रयोग गर्दै आइरहेका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीमाथि पनि एमालेलाई फेवर गरेको आरोप लाग्ने गर्छ ।

सर्वोच्च अदालतको परमादेशबाट प्रतिनिधि सभा पुनःस्थापना भएपनि साउन ३२ गते अन्त्य गरिएको अधिवेशनमा एउटै पनि विधेयक पारित हुन सकेन । संसद्ले विधेयक पारित गर्न नसकेपछि एमालेले पुनःस्थापित प्रतिनिधि सभाको औचित्य समाप्त भएको टिप्पणी गऱ्यो भने सरकारले संसद्लाई बिजनेस दिन नसकेको भन्दै सत्तारूढ दलभित्र बाटै विरोध भयो ।

राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउन हतारमा प्रतिनिधि सभाको अधिवेशन गरेको सरकारले फेरि निकट भविष्यमा प्रतिनिधि सभाको अधिवेशन बोलाउने तरखर गरेको छ, एमसीसी अनुमोदनका लागि । आगामी दिनमा प्रतिनिधि सभाले सही काम गर्न नसकेमा फेरि विघटनमा जाने र मुलुक अर्ली इलेक्सनमा जाने एक खालको विश्लेषण छ ।

**एमसीसी विवादले गठबन्धनमा गडबड**

देशमा यतिबेला कुनै एउटा चर्चित विवाद छ भने त्यो हो, अमेरिकी आर्थिक सहयोग प्याकेज मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ।

एमसीसी स्वीकार गर्ने कि नगर्ने भन्ने विवाद अहिले राजनीतिक दलमा मात्र सीमित छैन, नीति निर्माता र आमजनतामा समेत पुगेको छ । एमसीसीबारेको केही वास्तविकता र केही भ्रमले सिंगो समाज ध्रुवीकृत छ । विगतमा नेकपा विभाजनको एउटा ˆयाक्टर एमसीसी पनि थियो । अहिले पनि प्रायः दलभित्र एमसीसीबारे विवाद छ ।

एमसीसीकै यही किचलो अहिले मन्त्रिपरिषद् विस्तारमा प्रवेश गरेको छ । मंगलवार बसेको सत्तारूढ गठबन्धनको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद् विस्तारभन्दा पहिला एमसीसी अनुमोदन गर्नुपर्ने प्रस्ताव राखेपछि गठबन्धनमा नयाँ विवादको विजारोपण भएको छ ।

एमसीसी अनुमोदनमा नेपालले ढिलाइ गरिरहेको समयमा एमसीसीकी उपाध्यक्ष फातिमा सुमार नेपाल आउँदैछिन् । देउवा प्रधानमन्त्री रहेको समयमा २०७४ मा एमसीसीमा हस्ताक्षर गरेका थिए, तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले । देउवा सरकारमा कार्की कानून न्याय तथा संसदीय व्यवस्था मन्त्री छन् । सकेसम्म भदौ २९ गतेभित्रै एमसीसी अनुमोदन गर्ने देउवाको चाहाना छ ।

सत्ता साझेदार प्रमुख दुई दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा एमसीसी अनुमोदनको पक्षमा छैनन् । माओवादी र समाजवादीको समर्थनविना एमसीसी अनुमोदन हुन सक्ने सम्भावना छैन । यस्तो बेला देउवाले एमसीसी अनुमोदनमा प्रमुख प्रतिपक्षी दल एमालेको साथ लिनसक्ने राजनीतिक हल्ला चलेका छन् ।

मंगलवार देउवाले प्रमुख प्रतिपक्षी दलसँग सम्बन्ध सुधारको प्रयास भन्दै कानून मन्त्री कार्कीलाई दूत बनाएर ओलीकोमा पठाएका थिए । कार्कीसँग भेटेका एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले विभिन्न विषयमा छलफल भएको बताएपनि एमसीसी अनुमोदनमा एमालेले सघाउँछ कि सघाउँदैन भन्नेबारे खुलेर केही बताएनन् । सत्ताबाहिर पुगेलगत्तै ओलीले संशोधन नगरी एमसीसी यत्तिकै पारित गर्न नहुने धारणा सार्वजनिक गरेका थिए ।

एमालेभित्र भीम रावल लगायतका नेताहरु एमसीसीको कट्टर विरोधी हुन् । पुनःस्थापित प्रतिनिधि सभामा पनि रावलले हालसालै एमालेको तर्फबाट विशेष समयमा बोलेर एमसीसी अनुमोदन गर्न नमिल्ने धारणा राखेका थिए । त्यसकारण एमालेको समर्थनबाट एमसीसी अनुमोदन सहज छैन ।

एमसीसी अनुमोदन गर्नुपर्छ, भनेर लबिङ गरिरहेका नेपाली कांग्रेसका एक प्रभावशाली नेताले आˆनो क्षेत्रबाट मतदाताले फोन गरेर एमसीसी अनुमोदन नगर्न दबाब दिने गरेको बताएका थिए । एमसीसी विवादले सत्ता गठबन्धनमा गडबड ल्याउने अवस्थामा मुलुक अर्ली इलेक्सनमा जानसक्ने कांग्रेसकै नेताहरु बताउँछन् । तर, पार्टीकै नेतृत्वको सरकार रहेकाले उनीहरु खुलेर बोल्न हिच्किचाउँछन् ।

यही एमसीसीको किचलोले सत्ता गठबन्धनमा खटपट आउने र फेरि प्रतिनिधि सभा विघटन हुने र मुलुक फेरि अर्ली इलेक्सनमा जाने अर्कोथरीको विश्लेषण छ ।

**विघटनको औचित्य पुष्टि गर्ने एमाले प्रयास**

प्रतिपक्षी बेञ्चमा खुम्चिन पुगेको प्रतिनिधि सभाको सबभन्दा ठूलो दल नेकपा एमालेले अहिलेको सरकारलाई 'परमादेशको सरकार' भनेर व्यंग्य गरिरहेको छ । संसद्मा सहभागी भएपनि उनीहरूले आत्मैदेखि संसद् सफल होस् भन्ने चाहेका छैनन् ।

पटक(पटक प्रतिनिधि सभा विघटन गरेर संविधान र व्यवस्थालाई 'प्रतिगमन'मा धकेलेको आरोप एमालेले खेपिरहेको छ । पुनःस्थापित प्रतिनिधि सभा र संसदीय समितिका बैठकमा एमाले सांसदले 'प्रतिगमनको मतियार'को गाली सुन्नुपरिरहेको छ ।

आगामी चुनावमा भोट माग्न जनतामा जाँदा पटक(पटक प्रतिनिधि सभा विघटन गरेको आरोप खण्डित गर्न पनि एमाले प्रतिनिधि सभाले कार्यकाल पूरा नगरोस् भन्नेमा छ ।

'प्रतिनिधि सभाले कार्यकाल पूरा गर्नेमा हामीलाई शंका छ, मुलुक फेरि पनि अर्ली इलेक्सनमा जाने हो,' एमालेका एक प्रभावशाली नेताले लोकान्तरसँग भने । चैत, वैशाख या जेठमा चुनाव हुनसक्ने भन्दै कतिपय नेताहरूले भित्रभित्रै तयारी समेत थालिसकेका छन् ।

**कांग्रेसले हेरेको चुनावको अनुकूलता**

सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस स्वयं पनि लामो समय गठबन्धनको सरकारमा रहिरहन चाहँदैन । फरक सिद्धान्त बोकेका दलहरूको गठबन्धन सरकार चलाएर लोकप्रियता हाँसिल गर्न नसकिने कांग्रेसको निष्कर्ष छ । केपी ओलीलाई सत्ताबाट बाहिर ल्याउन गठबन्धन बनाए पनि प्रचण्डसँग लामो समय सहकार्य गर्ने पक्षमा कांग्रेस नेताहरु देखिन्नन् ।

नेपाली कांग्रेसका नेता एवं पूर्वराजदूत दीपकुमार उपाध्यायले लोकान्तरसँगको एक अन्तवार्तामा भनेका थिए( अहिलेको लडाईं भनेको कसको नेतृत्वमा चुनाव गराउने भन्ने मात्र हो । अर्थात् कांग्रेसले आˆनै नेतृत्वमा चुनाव गराउन खोजेको हो, त्रिशंकु संसद्मा लामो समय सरकार चलाउन खोजेको होइन ।

झण्डै दुईतिहाइ बहुमतसहितको 'कम्युनिस्ट सरकार' असफल भएको नारा लिएर कांग्रेसले चुनावमा जाने दाउ हेरिरहेको छ । ढिलो हुँदा फेरि कम्युनिस्टहरु मिल्न सक्ने र कांग्रेसको आंकलन छ ।

मुलुकमा कम्युनिस्ट पार्टीहरु टुटफुटमा लागेर कमजोर बनेको समयमा चुनावमा जाँदा एकल बहुमत ल्याउन सकिन्छ भन्ने कांग्रेसको आंकलन छ । सरकारका न्युनतम साझा कार्यक्रममा प्रतिनिधि सभाको कार्यकालको पूर्णताको कुरा गरेपनि स्वयं कांग्रेस पनि अर्ली इलेक्सनको पक्षमा रहेको नेताहरु बताउँछन् । मंसिरका लागि तोकिएको कांग्रेसको महाधिवेशन सकिएपछि अर्ली इलेक्सनको कुरा सतहमा आउने छ ।

प्रतिनिधि सभाले आˆनो कार्यकाल पूरा गर्नुपर्ने भन्ने सर्वोच्च अदालतको आदेशको मर्मलाई अर्ली इलेक्सनले फरक नपार्ने त्यो राजनीतिक स्रोतको दाबी छ । कार्यकाल ६ महिना थप गर्न या ६ महिना अगावै चुनाव गर्न संविधान बाधक नउने पनि सो स्रोतले दाबी गऱ्यो । 'अर्ली इलेक्सनको माहोल बन्यो भने कानूनी र संवैधानिक जटिलता हल गर्ने उपाय छन्,' स्रोतले भन्यो ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज धैर्य एवं लगनशीलताले अवसर दिलाउने छ । पराक्रम बढ्नुका साथै पारिवारिक सुख मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् ।

**वृष** :- आज धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**मिथुन**:- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । व्यापारमा वृद्धि हुनुका साथै सामाजिक प्रतिष्ठा मिल्नेछ ।

**कर्कट** :- मनमा दुविधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**सिंह**:- चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाईएला । वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । शुभ समाचार सुन्नमा आउला ।

**कन्या** :- कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनमा उत्साहका साथै बोली विक्ने समयछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् ।

**तुला** :- धार्मिक सामाजिक कार्यमा विशेष रूचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । धर्म,कर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृश्चिक** :-स्थान परिवर्तनका विशेष योग देखिन्छन् । लगानिको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैशा खर्च हुने योगछ ।

**धनु** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुन सकिने छ । विद्यामा सफलता पाइएला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**मकर**:- आज स्वादिष्ट भोजन पाईनेछ । प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**कुम्भ**:- सामाजिक कार्यमा रूचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुनेछन् ।

**मिन** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । शत्रुपक्ष भने सबल रहने भएकाले सजग रहनु उचित हुनेछ ।

# एक करोडभन्दा बढीले लगाए खोप, कहाँ कतिले पाए ?

## प्रदेश २ खोपमा सबैभन्दा पछाडि

सरकारले चैत अन्तिमसम्म कोभिड(१९ विरूद्धको खोप लगाउन योग्य सबै लक्षित जनसंख्यालाई खोप लगाइसक्ने लक्ष्य राखेको छ । असोज अन्तिमसम्म कम्तीमा एक तिहाई जनसंख्यालाई खोप दिइसक्ने योजनाका साथ अघि बढिरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यही योजनाका साथ सरकारले बुधवार १५.४ प्रतिशत नागरिकलाई खोप दिइएको तथ्यांक सार्वजनिक गरेको छ । छोटो समयमा १५ प्रतिशत जनसंख्यालाई खोप दिन सफल भएको भन्दै विश्व स्वास्थ्य संगठनले नेपालाई बधाइसमेत दिएको छ ।

एक करोड १६ लाख नागरिक खोप लगाउन बाँकी

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा कोभिड(१९ विरूद्धको खोप लगाउन लक्षित नागरिकको संख्या २ करोड १७ लाख ५६ हजार ७ सय ६३ रहेको छ । यो संख्यामध्ये भदौ १६ गतेसम्म ५४ लाख २४ हजार ८ सय ३६ जना (१७.९ प्रतिशत)ले पहिलो डोज र ४६ लाख ६७ हजार ३ सय २८ जना (१५.४ प्रतिशत)ले पूर्ण खोप अर्थात् दुवै डोज लगाएको तथ्यांक मन्त्रालयले सार्वजनिक गरेको थियो । यो संख्या बढेर बिहीवार ५४ लाख २५ हजार ८ सय ८८ (पहिलो मात्रा) र ४६ लाख ७७ हजार ९ सय ७६ (दुवै डोज) पुगेको छ । यसरी भदौ १७ गतेसम्म नेपालमा कोभिड १९ विरूद्धको खोप लिनेको जम्मा संख्या पहिलो र दुवै डोज गरी जम्मा खोप लगाउनेको संख्या १ करोड १ लाख ३ हजार ८ सय ६४ जना पुगेको मन्त्रालयले जनाएको छ । नेपालमा अब १ करोड १६ लाख ५२ हजार ८ सय ९९ जना नागरिक कोभिड १९ विरूद्धको खोप लगाउन बाँकी रहेको मन्त्रायलको तथ्यांक छ ।

कुन खोप कतिले लगाए ?

नेपालमा जनसंख्याका आधारमा सबैभन्दा बढी वाग्मती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा कोभिड १९ विरूद्धको खोप लगाइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक छ । मन्त्रालयको भदौ १६ गतेसम्मको तथ्यांक अनुसार भेरोसेल खोप सबैभन्दा धेरै नागरिकले लिएका छन् । भेरोसेल खोपको दुवै डोज लिनेको संख्या प्रदेश १ मा १लाख७ हजार १ सय ९६ रहेको छ भने प्रदेश २ मा यो संख्या ८१ हजार ३ सय ४५ मात्रै रहेको छ । त्यस्तै वाग्मती प्रदेशमा भेरोसेल खोपको दुवै डोज लिनेको संख्या ११ लाख २० हजार ६३, गण्डकीमा १ लाख ९१ हजार ७९, लुम्बीनीमा ३ लाख ४६ हजार ७ सय १, कर्णालीमा ७० हजार ६१९ र सुदूरपश्चिम प्रदेशमा १ लाख ५३ हजार ८ सय ५६ रहेको छ ।

नेपालमा हालसम्म २० लाख ७० हजार ८ सय ५९ जनाले भेरोसेल खोपको पूर्ण मात्रा लगाएको मन्त्रालयको तथ्यांक छ । त्यस्तै कोभिसिल्ड खोपको पूर्ण मात्रा लगाउनेमा लगाउनेमा प्रदेश १ मा १ लाख २४ हजार ८ सय ५ जना, प्रदेश २ मा ६० हजार ३९४



जना, वाग्मती प्रदेशमा ४ लाख २० हजार ९ सय ५९ जना, गण्डकीमा १ लाख ४७ हजार ४ सय ९७ जना, लुम्बीनीमा २ लाख ५२ हजार ९ सय ७८ जना कर्णालीमा ६६ हजार ३२० जना र सुदूरपश्चिममा १ लाख ५९ हजार ८ सय ९८ जना रहेका छन् । कोभिसिल्ड खोपको पूर्ण मात्रा लगाउनेको संख्या नेपालमा १२ लाख ३२ हजार ८ सय ५१ पुगेको छ ।

त्यस्तै एक डोज मात्र लगाइने जोन्सन एण्ड जोन्सनको खोप लगाउनेको संख्या प्रदेश १ मा १लाख ९० हजार ८ सय ९०, प्रदेश २ मा २ लाख २ लाख ७३ हजार १०, वाग्मतीमा ३ लाख ४३ हजार ५ सय ४७, गण्डकीमा १ लाख ३ हजार १ सय ८७, लुम्बिनीमा २ लाख ५२ हजार ८०, कर्णालीमा ६७ हजार ५ सय ११ र सुदूरपश्चिम प्रदेशमा १ लाख ३३ हजार ३ सय ९३ रहेको छ । नेपालमा कुल १३ लाख ६३ हजार ६ सय १८ जनाले जोन्सन एण्ड जोन्सन खोप लगाएको मन्त्रालयको तथ्यांक छ ।

**प्रदेश २ खोपमा किन पछाडि ?**

जनसंख्याको हिसाबले वाग्मतीपछिको दोस्रो ठूलो प्रदेश प्रदेश २ मा कोभिड(१९ विरूद्धको खोप लगाउनेको संख्या भने निकै न्यून छ । स्वास्थ्य मन्त्रालयको भदौ १६ गतेसम्मको तथ्यांकमा प्रदेश २ मा पूर्ण खोप लगाउनेको संख्या ४ लाख १४ हजार ७ सय ४९ मात्रै छ भने पहिलो डोज लगाउनेको संख्या ६ लाख ६९ हजार ४ सय ८७ छ । कुल ५४ लाख ४ हजार १ सय ४५ जनसंख्या रहेको प्रदेश २ मा खोप लगाउनेको यो संख्या निकै न्यून हो जबकी ५५ लाख २९ हजार ४ सय ५२ जनासंख्या रहेको वाग्मती प्रदेशमा १८ लाख ८४ हजार ५ सय ६९ जनालाई पूर्ण खोप नै लगाइसकिएको छ । खोपको उपलब्धताका आधारमा सबै प्रदेशमा मिलाएर खोप पठाइएको स्वास्थ्य सेवा विभाग अन्तरगत खोप शाखा प्रमुख सागर दाहाल बताउँछन् । सुरूका दिनहरूमा खोप कम आएको थियो त्यसैले कुन प्रदेशमा कति पठाउने भन्ने अन्योल भयो त्यसैले कुनै प्रदेशमा कम र कुनैमा बढी वितरण गर्ने अवस्था थियो तर अब खोप नियमित आउँछ, प्राथमिकताका आधारमा सबै प्रदेशमा पर्याप्त खोप पठाइनेछु दाहालले भने ।

## विद्युत...

मिर्चैयाका केन्द्र प्रमुख जयकुमार यादवले बताए । तर, उद्योग रकम नतिरी जिल्ला अदालतमा मुद्दा दर्ता गराएको छ । लकडाउनका कारण पेशी तोक्न ढिलाई भएको थियो । भदौं २२, २३ गते पेशी तोकिएको केन्द्र प्रमुख यादवले जानकारी गराए । साक्षी बकपत्रपछि मुद्दा किनारा लाग्ने उनले सुनाए ।मुद्दा फैसलापछि रकम असुल्ने र विद्युत कटौती गर्ने विषयमा प्रक्रिया बढ्ने उनले बताए । '०७३ साउन १ गते देखि ०७५ असार सम्मको एमपावर पोस्टिङ्ग हुँदा ६४ करोड २४ लाख ९३ हजार बक्यौता देखिएको थियो,' केन्द्र प्रमुख यादवले भने,'त्यति बेला उद्योगले तिर्न मानेन । मुद्दातिर गयो । अहिले छुट बील रकम रकम बढेर अर्वमा पुगेको छ ।' मुद्दा चलेयता चालु महिनाको शुल्क नियमित उद्योगले तिर्दै आएको उनले सुनाए ।

## ४१ जिल्लामा...

गतेभित्र अधिवेशन सक्नेछन् ।' उनकाअनुसार झापा र मुस्ताङ जिल्ला निर्वाचन अधिकृतले भने शनिबार अधिधवेशनको प्रक्रिया थाल्न अनुमति लिएका छन् ।

विवादित २१ जिल्लाको के हुन्छ भन्ने विषयमा भने निर्वाचन समिति नै अन्योलमा छ ।'उहाँहरूले आजभोलिमै क्रियाशील सदस्यको नामावली दिनुभयो भने २५, २६ गतेभित्र अधिवेशन हुन्छ, दिन सक्नुभएन भने पछि हुन्छ,' यादवले भने ।


सूचना ! सूचना !! सूचना !!!

## नयाँ सदस्यता सम्बन्धमा ।

मिति २०७८।०५।१७

JCI लहान सिटीले नयाँ सदस्यताका लागि दरखास्त आव्हान गरेको हुँदा १८ बर्ष पूरा गरि ४० बर्ष ननाघेका ईच्छुक युवाहरु मिति २०७८ भाद्र २३ गते बुधबार सम्म फाराम भरी बुझाई दिनु हुन अनुरोध गर्दछ । साथै दरखास्त साथ देहाय बमोजिमको कागजातहरु संलग्न राख्नु पर्नेछ ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि थान-१
२. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो थान - २
३. फाराम दस्तुर रु. २५०।-

**फारामको लागि सम्पर्क :**

जेसी बसन्त साह (भावना ७ दौलत ट्रेड सेन्टर) मो. ९८५२८३१६८२
जेसी शंकर प्रसाद गुप्ता (गुप्ता फार्मेसी) मो. ९८४२८२७००१
जेसी अजय जयसवाल मो. ९८६२८५८६६६

जेसी अजय जयसवाल
अध्यक्ष- २०२१


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# काँग्रेसमा यसरी चयन हुँदैछन् सभापति छान्ने ४ हजार महाधिवेशन प्रतिनिधि

मङ्सिर ९ देखि १३ मा १४ औं महाधिवेशनमार्फत नेतृत्व चयनका लागि शुक्रवारबाट नेपाली काँग्रेसको निर्वाचन प्रक्रिया सुरू भयो।

शुक्रवार क्रियाशील सदस्यता नामावली टुङ्गो लागेका ५६ जिल्ला मध्ये ४१जिल्लाको वडामा अधिवेशन सुरू भएको काँग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। वडा वडामा खटिएका निर्वाचन अधिकृतहरूले भदौ २३ गतेसम्म वडा अधिवेशन सक्काउने निर्वाचन समितिलाई जानकारी गराएको समितिका संयोजक महादेव यादवले जानकारी दिए।

शनिवार झापा र मुस्ताङमा वडा अधिवेशन गराउन निर्वाचन अधिकृतले स्वीकृति लिएका छन्। '१९, २०, २१, २२ र २३ गते वडा अधिवेशन गर्न स्वीकृत लिइसक्नु भएको छ,'संयोजक यादवले उकेरासँग भने,' क्रियाशील सदस्यता टुङ्गो लागेका ५६ जिल्लाका सबै वडामा शुक्रवार एकै दिन अधिवेशन हुन सकेन।'

उनले निर्वाचन समितिमा अहिलेसम्म ४१जिल्लाका वडामा मात्र अधिवेशन सुरू भएको जानकारी आएको बताए।

**कति छानिन्छन् प्रतिनिधि ?**

६ हजार ७ सय ४३ वडाको अधिवेशनबाट १ लाख १४ हजार ५ सय २५ क्षेत्रीय प्रतिनिधि चयन हुनेछन्। ७७ वटै जिल्लाका वडाबाट चयन हुने क्षेत्रीय प्रतिनिधिमध्येबाटै महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य चयन हुनेछन्।

काँग्रेसको विधान अनुसार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका वडा क्षेत्रभित्रका काँग्रेसका क्रियाशील सदस्य वडा अधिवेशनका सदस्य हुनेछन्। गाउँपालिकाको वडा अधिवेशनले क्रियाशील सदस्यमध्येबाट निर्वाचित गरेका सभापति, उपसभापति दुई, सचिव दुई र सहसचिव दुई जना हुनेछन्। क्रियाशील सदस्यता प्राप्त गरेको एक वर्ष पुगेको सदस्य मात्र गाउँपालिकाको वडा कार्यसमितिको सभापतिको उम्मेदवार बन्न सक्ने काँग्रेसको विधानमा व्यवस्था छ।

सभापतिले वडा कार्यसमितिका निर्वाचित सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित वडा कार्यसमितिबाट एक जना कोषाध्यक्ष चयन गर्ने व्यवस्था छ। काँग्रेसको केन्द्रीय कार्यसमितिको कोषाध्यक्ष चयन गर्दा पनि यही व्यवस्था विधानमा राखिएको छ। काँग्रेसको विधानमा कम्तीमा तीन महिला सहित नौ जना प्रत्यक्ष निर्वाचित सदस्य वडा कार्य समितिमा हुनेछन्।

गाउँपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको निर्वाचन हुनेछ। काँग्रेसको विधानमा एक सय पचास वा सोभन्दा कम क्रियाशील सदस्य भएको वडामा गाउँपालिका वडा अधिवेशनले क्रियाशील सदस्यमध्येबाट प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका लागि कम्तीमा तीन जना महिला सहित नौ जना प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ।

एक सय पचास भन्दा बढी क्रियाशील सदस्य भएको वडामा बढीमा ७५ को सीमा भित्र रही प्रति एक सय थप क्रियाशील सदस्यमा दुई महिला सहित ६ जना थप प्रतिनिधि प्रत्यक्ष निर्वाचित हुने व्यवस्था काँग्रेस विधानमा छ। वडा सभापति प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनको पदेन प्रतिनिधि हुने व्यवस्था छ।

यस्तै काँग्रेसको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण क्रियाशील सदस्यमध्येबाट कार्यसमिति गठन गर्नेछ। गाउँपालिकाको अधिवेशनले अपाङ्गता भएका क्रियाशील सदस्यमध्येबाट एक जना महिला सहित दुई जना प्रदेश सभा क्षेत्रीय अधिवेशन प्रतिनिधिको निर्वाचन गर्ने विधानमा व्यवस्था छ।



वडाबाट निर्वाचित भएका क्षेत्रीय प्रतिनिधिमा गाउँ, नगर, उपमहानगर र महानगरपालिकाबाट थप २ जना प्रदेश सभा क्षेत्रीय अधिवेशनका लागि प्रतिनिधिको निर्वाचन हुनेछ।

क्रियाशील सदस्यले आफ्नो पालिकाको वडा कार्यसमिति र पालिका कार्यसमिति चयनका लागि हुने निर्वाचनमा मतदान गर्न पाउने विधानमा व्यवस्था गरिएको छ।

यो प्रक्रियाबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि प्रदेश सभा क्षेत्रीय अधिवेशनको सदस्य हुनेछन्। प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका गाउँ, नगर, उपमहानगर र महानगरपालिका कार्यसमितिका सभापति र वडा कार्यसमितिका सभापति पनि सदस्य हुनेछन्।

यस्तै क्षेत्रभित्रका पार्टी केन्द्रीय कार्यसमितिका वर्तमान एवं पूर्व पदाधिकारी र सदस्य, जिल्ला सभापति, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय सभापति, सङ्घीय सांसदका सदस्य र उम्मेदवार, प्रदेश सभाका सदस्य र उम्मेदवार एक अवधिका लागि क्षेत्रीय अधिवेशनका प्रतिनिधि हुनेछन्।

प्रदेश सभा क्षेत्रीय अधिवेशनले आफूमध्येबाट कम्तीमा तीन महिलासहित १० जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट ६ जना प्रदेशसभा क्षेत्रको जनसत्त्याको बनोट अनुसार तोकिए बमोजिम समानुपातिक आधारमा गरी जम्मा १६ जना प्रतिनिधि निर्वाचित गर्नेछ।

प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा सभापति, उपसभापति दुई, सचिव दुई र सहसचिव दुई जना निर्वाचित हुनेछन्।

क्षेत्रीय प्रतिनिधिले प्रदेश सभा क्षेत्रीय अधिवेशनसम्म मात्रै मतदान गर्न पाउँछन्। प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिहरु प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन्। उनीहरु क्षेत्रीय प्रतिनिधिमध्येबाट चुनिएर पुग्नुपर्ने छ। प्रदेश सभा क्षेत्रभित्र रहेका पार्टी केन्द्रीय कार्यसमितिका वर्तमान एवं पूर्व पदाधिकारी तथा सदस्यहरु, जिल्ला सभापति, क्षेत्रीय सभापति, सङ्घीय सांसदका सदस्य र उम्मेदवार, प्रदेश सभाका सदस्य र उम्मेदवार प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन्।

केन्द्रीय महाधिवेशन प्रतिनिधिको निर्वाचन

प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले आफूमध्येबाट कम्तीमा चार महिलासहित १४ जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाति खस(आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट १० जना प्रतिनिधि समानुपातिक आधारमा प्रतिनिधि सभा क्षेत्रको जनसत्त्याको बनोट अनुसार तोकिए बमोजिम निर्वाचित गर्नेछ। केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनका लागि क्रियाशील सदस्यता प्राप्त गरेको चार वर्ष पुगेको हुनुपर्ने काँग्रेसको विधानमा व्यवस्था छ। प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति पदेन केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछ।

यस्तै प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिला सहित सात जना प्रत्यक्ष चार जना थप गरी ११ जना महासमिति सदस्य निर्वाचित गर्नेछ।

यस्तै जिल्लाभित्रको प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्यहरूले जिल्ला कार्यसमिति चयन गर्नेछन्। जिल्ला सभापति पदको निर्वाचनमा विजयी हुन खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु पर्नेछ।

जिल्ला अधिवेशन पछि केन्द्रीय महाधिवेशन गठन हुनेछ। देशका १६५ प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट जिल्ला सभापति सहित २५ जना केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन हुनेछन्। काँग्रेसको १४ औं केन्द्रीय महाधिवेशनमा ४ हजार १ सय २५ जना महाधिवेशन प्रतिनिधि चयन हुनेछन्। निवर्तमान केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह महामन्त्री र केन्द्रीय सदस्य महाधिवेशन प्रतिनिधि हुनेछन्। भातृ सङ्घ एवं शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्क समितिबाट पनि महाधिवेशन प्रतिनिधि छानिने छन्।

'नेपाली काँग्रेसको केन्द्रीय समितिमा अहिले १०३ जना छन्। सबै गरेर ४१ सय भन्दा धेरै केन्द्रीय महाधिवेशन प्रतिनिधिले केन्द्रीय कार्यसमिति चयन गर्नेछन्,'निर्वाचन समितिका संयोजक यादवले भने।

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)